नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग छाउनी काठमाडौं ।

प.स.
च.नं. ६६५

मितिः- २०७८।०३।३०

**विषयः- सूचना सम्बन्धमा ।**

**श्री सम्पूर्ण सेवानिवृत्त शिक्षकहरू**

आर्थिक वर्ष ०७८/०७९ को आय व्यय वक्तव्यको बुँदा नं.४१५ मा "देशभरका शिक्षकलाई निवृत्तभरण अधिकारपत्र लगायत निजले पाउने अन्य सेवा सुविधा आगामी श्रावण १ गतेदेखि सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाटै वितरण गर्ने व्यवस्था मिलाइएको" भन्ने बुँदा कार्यान्वयन गर्ने सम्बन्धमा राष्ट्रिय किताबखाना (शिक्षक) बाट हुँदै आइरहेका सेवा निवृत्त शिक्षकका निवृत्तभरणसम्बन्धी कार्यहरुमध्ये हाल देहायबमोजिमका सेवा जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट उपलब्ध गराउन अधिकार प्रत्यायोजन गर्ने भनी मिति २०७८।०३।२४ मा सचिवस्तरीय निर्णय भएको हुँदा आगामी २०७८ श्रावण १ गतेबाट तपसिल बमोजिमका सेवाहरू यस किताबखानाबाट उपलब्ध नहुने भएकोले उक्त सेवाहरू प्राप्त गर्न निवृत्तभरण भुक्तानी भइरहेको बैंक अवस्थित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीकालागि यो सूचना गरिन्छ ।

**तपसिल**

१) पाना सिद्धिएमा नयाँ अधिकारपत्र बनाउने,

२) हराएमा वा नासिएमा प्रतिलिपि जारी गर्ने,

३) पारिवारिक निवृत्तभरण अधिकारपत्र तयार गर्ने (नामसारी मात्र),

४) नाम, थर संशोधन सम्बन्धी,

५) निवृत्तभरण रकम संशोधन सम्बन्धी,

६) भुक्तानी नलिएको निवृत्तभरण रकम भुक्तानी सम्बन्धी,

७) औषधि उपचार सहयोग स्वरुप १०% रकम बृद्धि सम्बन्धी (७५/८५ वर्ष उमेर) ।

७८।०३।३०
रामराज खकुरेल
(का.मु.उपमहानिर्देशक)

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email:stroedu@gmail.com